तेश्रो चौमासिक एवं वार्षिक प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा भएका निर्णयहरु

१. पर्यटन क्षेत्रबाट अर्थतन्त्रमा पुगेको योगदानलाई वास्तविक रुपमा एकिन गर्न पर्यटन स्याटलाइट एकाउन्ट (TSA) तयारीको काम यसै आ.व. मा सम्पन्न गर्ने गरी समयवद्ध रुपमा कार्य गर्ने ।

२. पशुपति क्षेत्र विकास कोष मार्फत निर्माण गरिने शवदाह गृह, शौचालय, गेट निर्माण र अन्य निर्माण कार्यमा शीघ्रता ल्याउने ।

३. मन्त्रालयस्तरमा समीक्षा गर्नु अगावै अन्तर्गतका निकायमा समयभित्रै आन्तरिक समीक्षा गर्ने र सो बमोजिम मन्त्रालयमा पूर्ण विवरणका साथ समयमै प्रतिवेदन पेश गर्ने ।

४. योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउन निरन्तर Follow-up गर्ने । सो का लागि नतिजा सूचक सहित अनुगमन कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने ।यस आ.व.को कार्यक्रम कार्यान्वयनमा शीघ्रता ल्याउन भाद्र महिनाभित्र ठेक्का बन्दोवस्ती, जिम्मेवारी किटानी लगायतका कार्य सम्पन्न गरी मन्त्रालयलाई जानकारी गराउने ।

५. विनियोजित बजेट समयमा खर्च नगरी होल्ड गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।समयमा बजेट खर्च नगरी होल्ड गर्ने कार्यमा संलग्न कर्मचारीलाई कारवाहीको दायरामा ल्याउने ।

६. आ.व. ०७५/७६ मा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको रन वे रिहाबीलीटेशन गर्ने कार्य र गौतम बुद्ध अन्तराष्ट्रिय क्षेत्रीय विमानस्थलको निर्माण कार्य सम्पन्न गर्ने तथा नेपाल भ्रमण वर्ष २०२० अगावै ती विमानस्थलहरु २४ सै घण्टा संचालनमा ल्याउने ।यी विषयका अतिरिक्त मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरेको कार्ययोजना बमोजिम समयमै कार्य सम्पन्न गर्ने ।

७. आगामी समीक्षाहरुमा नीतिगत सुधार, कानूनी सुधार र चुनौतिका विषय समेट्ने तथा समाधानका लागि मन्त्रालयले गर्नुपर्ने सहयोग तथा समन्वय समेत पेश गर्ने ।

८. मन्त्रालयमा कार्यरत जनशक्ति र पर्यटन सम्वन्धी जनशक्ति विकासका लागि प्रशिक्षण आवश्यकता र प्रगतिका विषयमा आगामी प्रथम चौमासिक समीक्षामा समेट्ने ।

९. लुम्बिनी क्षेत्रको केन्जोटाँगे गुरुयोजना बमोजिमका कार्यहरु ३ वर्षभित्र सम्पन्न गर्ने गरी वार्षिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने ।

१०. नेपाल वायुसेवा निगमले आन्तरिक उडानका लागि हाल रहेका ३ वटा जहाजहरुलाई संचालनमा ल्याउने । साथै आन्तरिक हवाइ सेवालाई थप विस्तार गर्न नयाँ जहाज खरिद कार्य अगाडि बढाउने ।

११. क्यासिनो संचालनलाई व्यवस्थित बनाउन मापदण्ड र कानून तर्जुमा प्रकृया अगाडि बढाउने ।

१२. पर्यटन विश्वविद्यालयको अवधारणा सहितको कानून तर्जुमा गर्न संसद समक्ष विधेयक पेश गर्ने ।

१३. आगामी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा यस मन्त्रालयबाट देहायका समस्याहरु समाधानको लागि लेखि पठाउने निर्णय गरियो: दोश्रो अन्तराष्ट्रिय विमानस्थल (निजगढ अन्तराष्ट्रिय विमानस्थल) निर्माणको मोडालिटी तय गर्न यस मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र लगानी बोर्ड बीच समन्वय गरी मोडालिटी छनौट गर्ने ।